मधेश प्रदेश सरकार
भूमि व्यवस्था मन्त्रालय कृषि तथा सहकारी ,
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
सप्तरी, राजविराज

फोन नं .९८५२८२०७६५
Email : akcsaptari@gmail.com,
dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

पत्र संख्याः २०८०/०८१

# प्रस्ताव आवह्नको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८०/१०/१७

यस कृषि ज्ञान केन्द्रको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले यस जिल्लाका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी र कृषि फर्महरुले माग गरिएको कागजात सहित फाइल माथी स्पष्ट खुलाई प्रथम पटक प्रकाशित मितिले २१ औं दिन (२०८०/११/८) भित्र यस कृषि ज्ञान केन्द्रमा आई पुग्ने गरी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीको लागि website: ww.akcsaptari.p2.gov.np र कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

तपसिल

| सूचना नं. | कार्यक्रमको नाम | अधिकतम अनुदान % | लक्षित सेवाग्राही | पेश गर्दा चाहिने कागजातहरु |
|---|---|---|---|---|
| ११ | कृषि बजार पूर्वाधार विकास कार्यक्रम | ८५ | व्यवसायिक कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उपज बजार संचालक समिति | ➢ रु १० को टिकट टाँस सहितको आवेदन फर्म। (कृषि बजार पूर्वाधार निर्माणको हकमा अनुसूची २ र कृषि बजार पूर्वाधार स्तरोन्नतीको हकमा अनुसूची ३)<br>➢ प्रस्तावित पूर्वाधार निर्माणको लागि उपयुक्त हुने जग्गा एकिन भएको लागत अनुमानमा लगानी अंश सहित पेश गर्नु पर्ने ।<br>➢ निर्माण हुने संरचना अनुसार अनुसूची १ बमोजिम आवश्यक न्युनतम क्षेत्रफल भएको हुनु पर्ने ।<br>➢ संस्थाको दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको प्रमाण पत्र, २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, संचालक समितिको प्रस्ताव माग गर्ने सम्बन्धि निर्णयको प्रतिलिपि, पधाधिकारीहरुको नागरिकता तथा अख्तियारी पत्र।<br>➢ कृषि बजार पूर्वाधारका लागि संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा स्वीकृति दिइएको व्यहोरा खुलेको साथै निर्माण गर्नुको आवश्यकता र औचित्य खुलेको सम्बन्धित स्थानीय तहको सिफारिस।<br>➢ कृषि बजार पुर्वाधार निर्माण स्थल वरीपरी व्यवसायिक कृषि उत्पादन, सडक, बिजुली, पानी आदि भएको र हाट बजार लागेको हुनु पर्ने । |
| १२ | प्रत्येक जिल्लाहरुमा एकिकृत बजार व्यवस्थापन कार्यक्रम | ८५ | " | " " |
| १३ | राजविराज न.पा. ९ बजार सेड निर्माण | ८५ | " | " " |

नि. प्रमुख

मधेश प्रदेश सरकार
भूमि व्यवस्था मन्त्रालय कृषि तथा सहकारी ,
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
सप्तरी, राजविराज

फोन नं .९८५२८२०७६५
Email : akcsaptari@gmail.com, dadosaptari@gmail.com
Website : www.akcsaptari.p2.gov.np

| | | | | |
|---|---|---|---|---|
| १४ | प्रस्तावनामा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम | ५० | व्यवसायिक कृषक, कृषक समूह, कृषि सहकारी, र कृषि फर्म | ➢ रु १० को टिकट टाँस सहितको आवेदन फर्म।<br>➢ स्थानिय तहको कृषि बिकास शाखा वा वडा कार्यालय सिफारिसपत्र।<br>➢ संस्थाको हकमा पान न., २०७९/८० को कर चुक्ता र प्रमाण पत्र, निर्णय साथै अध्यक्ष र सचिव/कोषाध्यक्षको नागरिकताको प्रतिलिपि।<br>➢ बाली लगाएको बालीको नाम, जग्गाको क्षेत्रफल र जग्गाधनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपी ।<br>➢ नागरिकताको प्रमाणित प्रतिलिपि।<br>➢ सम्बन्धित क्रियाकलापको लागत इष्टिमेट, कार्य योजना र आफ्नो लगानी अनुपातको प्रतिवद्धता पत्र । |
| १५ | सार्वजनिक, निजि साझेदारी मोडेलमा **Custom Hiring Center** स्थापना | ७५ | कृषि सहकारी संस्था | ➢ रु १० को टिकट टाँस सहितको आवेदन फर्म।<br>➢ संस्थाको दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको प्रमाण पत्रको प्रतिलिपि।<br>➢ संचालक समितिको निर्णयको प्रतिलिपि, पधाधिकारीहरुको नागरिकता तथा अख्तियारी पत्र।<br>➢ संस्थाको दुई आ.व. सम्मको लेखा परिक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरू।<br>➢ जग्गा कम्तिमा ५ कठ्ठा वा १५ वर्ष भाडामा लिन सक्ने अधिकारिक भाडाको कागजपत्रहरु, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी, जग्गा धनीको कित्ता न. खुलेको नक्सा विवरण र कागजात।<br>➢ चाहिने उपकरण कृषि इन्जिनियर वा मेकानिकल इन्जिनियरबाट तयार गरिएको प्राविधिक स्पेसिफिकेशन, लागत अनुमान र श्रोत खुलाउनु पर्ने।<br>➢ कस्टम हायरिंग सेन्टरको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा स्वीकृति दिइएको व्यहोरा खुलेको साथै निर्माण गर्नुको आवश्यकता र औचित्य खुलेको सम्बन्धित स्थानीय तहमा रहेको कृषि बिकास शाखा वा वडा कार्यालयको सिफारिस।<br>➢ स्व-घोषणापत्र। |
| १६ | च्याउ बीउ (स्पाउन) उत्पादन तथा प्रशोधन सम्बन्धित यन्त्र उपकरण सहयोग | ७५ | च्याउ उत्पादक व्यवसायिक कृषक समूह, कृषि फर्म, कृषि उद्योग | ➢ रु १० को टिकट टाँस सहितको आवेदन फर्म।<br>➢ च्याउ फर्म खोलेको प्रमाणपत्र, पान न. र कर चुक्ताको प्रतिलिपि।<br>➢ च्याउ सम्बन्धि तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी।<br>➢ नागरिकताको प्रमाणित प्रतिलिपि।<br>➢ च्याउ उत्पादनमा संलग्न रहेको स्थानिय तहको कृषि बिकास शाखा वा वडा कार्यालय सिफारिस पत्र ।<br>➢ सम्बन्धित क्रियाकलापको कार्ययोजना र स्व-घोषणा पत्र। |

कि. प्रमुख

मधेश प्रदेश सरकार
भूमि व्यवस्था मन्त्रालय कृषि तथा सहकारी,
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
सप्तरी, राजविराज

फोन नं .९८५२८२०७६५
Email : akcsaptari@gmail.com,
dadosaptari@gmail.com
Website : www.akcsaptari.p2.gov.np

| | | | | |
|---|---|---|---|---|
| १७ | एक टोल सामुहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन, एक पालिका एक उत्पादन क्षेत्र कार्यक्रम | ५० | व्यवसायिक कृषक, कृषक समूह, कृषि सहकारी, र कृषि फर्म | ➢ रु १० को टिकट टाँस सहितको आवेदन फर्म।<br>➢ स्थानिय तहको कृषि विकास शाखा वा वडा कार्यालय सिफारिसपत्र।<br>➢ बाली लगाएको बालीको नाम, जग्गाको क्षेत्रफल, जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी र नागरिकताको प्रमाणित प्रतिलिपि ।<br>➢ संस्थाको हकमा पान न., २०७९/८० को कर चुक्ता र प्रमाण पत्र, निर्णय साथै अध्यक्ष र सचिव/कोषाध्यक्षको नागरिकताको प्रतिलिपि।<br>➢ सम्बन्धित क्रियाकलापको लागत इष्टिमेट, कार्ययोजना र आफ्नो लगानी अनुपातको प्रतिवद्धता पत्र। |
| १८ | प्राङगारिक मल प्रवर्धन कार्यक्रम | ७५ | व्यवसायिक कृषक समूह, कृषि सहकारी, र कृषि फर्म | ➢ रु १० को टिकट टाँस सहितको आवेदन फर्म।<br>➢ सम्बन्धित स्थानीय तह वा वडाको सिफारिस।<br>➢ संस्थाको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको प्रमाण पत्र, २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, संचालक समितिको प्रस्ताव माग गर्ने सम्बन्धि निर्णयको प्रतिलिपि, पधाधिकारीहरुको नागरिकता तथा अख्तियारी पत्र।<br>➢ प्राङगारिक मल उत्पादन तथा प्रवर्द्धन गर्ने जग्गाको क्षेत्रफल र जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि।<br>➢ लागत अनुमान सहितको कार्ययोजना।<br>➢ प्राङगारिक मल उत्पादन, गहुत ट्यांक निर्माण, भर्मिकम्पोष्ट मल, जैविक मल, शुक्ष्म जैविक मल उत्पादन तथा प्राङ्गारिक खेती कार्य गर्ने योजना र गरेको प्रमाण ।<br>➢ सम्बन्धित क्रियाकलापको कार्ययोजना र स्व-घोषणापत्र। |
| १९ | नदि उकास क्षेत्रमा सामुहिक/ करार खेति कार्यक्रम | ५० | व्यवसायिक कृषक, कृषक समूह, कृषि सहकारी, र कृषि फर्म | ➢ रु १० को टिकट टाँस सहितको आवेदन फर्म।<br>➢ संस्थाको हकमा पान न., २०७९/८० को कर चुक्ता र प्रमाण पत्र, निर्णय साथै अध्यक्ष र सचिव/कोषाध्यक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।<br>➢ सामुहिक/करार खेती गरिएको बालीको नाम, जग्गाको क्षेत्रफल र जग्गा धनीपुर्जाको प्रमाणित प्रतिलिपी, वा लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र। नदि उकास क्षेत्रको जग्गामा खेति गरिएको छ भने सम्बन्धित पालिकाको सहमति सहित वास्तवमा खेति गरिको छ भने खुलाइएको कृषि विकास शाखा वा वडा कार्यालयको सिफारिसपत्र। करारमा खेती गरेको करारनामा पत्र ।<br>➢ सम्बन्धित बालीको कार्ययोजना र स्व-घोषणापत्र। |

➢ नोटः प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ। एक वटा कृषक/संस्थाहरुले वढीमा दुई वटा भन्दा बढी प्रस्तावनाको लागि आवेदन दिन पाउने छैन। गत विगत दुई आ.व. भित्र कुनै विपयमा अनुदान पाई सकेको व्यक्ति/ संस्थाले सोहि विपयमा पुनः अनुदान पाउने छैन। झूटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै वेला आवेदन/निवेदन रद्द हुने छ। स्थलगत निरीक्षणबाट उपयुक्त ठहरिएमा प्रस्तावकहरुसंग थप विवरण र कागजात मांग गर्न सकिनेछ।

२०८०।१०।१६

किसुन देव राउत
**नि. प्रमुख**